# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तीनपिप्ले, लमजुङ
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३

चलानी नं. : ६४०

Website:www.rainasmun.gov.np

मितिः २०८२/०७/१८

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

प्रस्तुत विषयमा लमजुङ जिल्ला राइनास नगरपालिका अन्तर्गत श्री सरस्वती प्राथमिक विद्यालय रा.न.पा-७, सालडाडाँमा रहेको प्राथमिक तह तृतिय श्रेणी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न.२०, मिति २०८२/०७/१७ को पत्रवाट अनुरोध भई आएकाले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसुची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना primarysaraswoti123@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ,लमजुङ तहाँको वेभसाइटमा सूचना सम्प्रेषण गरिदिनु हुन अनुरोध छ।

श्री सरस्वती प्राथमिक विद्यालय रा.न.पा-७, सालडाडाँ, लमजुङ तहाँको विद्यालयको सूचनापाटी र विद्यालयको वेभसाइटमार्फत सूचना सम्प्रेषण गर्नुहुन।

श्री सूचना प्रविधि शाखा रा.न.पा, वेभसाइटमा सूचना अपलोड गरिदिनु हुन।

२०८२/०७/१९

(पूर्ण बहादुर नेपाली)

नि. प्रमुख प्रशासकीय अधिकृत